नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
# राष्ट्रिय युवा परिषद्
सानोठिमी, भक्तपुर, नेपाल
(..............................शाखा)

प.सं. ०८२/८३
च.नं. ५२३

सूचना। सूचना॥ सूचना॥।

मितिः- २०८२।११।२६
ने. सं. ११४६ चिल्लागा ७, मंगलवार

विषयः- युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीमा सहभागी हुने सम्वन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम कोशी प्रदेशको विराटनगरमा मिति २०८२।१२।२२ गते र मधेश प्रदेशको बीरगञ्जमा मिति २०८२।१२।३० गते युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी आयोजना गर्नका लागि १५/१५ वटा व्यवसायहरू छनौट गर्नुपर्ने भएको हुनाले सम्वन्धित प्रदेशभित्र सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय दर्ता गरी व्यावसाय सञ्चालन गरिरहेका १६ वर्ष पुरा गरी ४० बर्ष ननाघेका (आवेदन दिने अन्तिम दिन सम्म) युवा व्यवसयीहरूले २०८२।१२।०७ गतेसम्म यस कार्यालयको Website: https://www.nyc.gov.np/ मा उल्लिखित Online form Portal system मा आवेदन गर्नुहुन सूचित गरिन्छ। आवेदकहरूमध्येबाट प्रदर्शनीका लागि छनौट भएका १५ वटा व्यवसायीहरूलाई स्टल व्यवस्थापन वापत प्रति स्टल रु.१०,००० (दश हजार) र प्रदर्शनीमा सहभागी १५ वटा व्यसायीहरूमध्ये उत्कृष्ट भएका प्रथम, द्वितीय, तृतीय र सान्त्वना २ वटालाई क्रमशः ४० हजार, ३० हजार, २० हजार र १०/१० हजारका दरले प्रोत्साहन रकम प्रदान गरिनेछ।

तपसिलः-

कार्यक्रमको नामः- युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी,

आवेदन गर्नुपर्ने अन्तिम मितिः- २०८२।१२।०७ गते शनिबार रातको १२:०० बजेसम्म,

कार्यक्रम हुने स्थानः- कोशी प्रदेशको विराटनगरमा मिति २०८२।१२।२२ गते र मधेश प्रदेशको बीरगञ्जमा मिति २०८२।१२।३० गते,

सम्पर्क फोन नं. ९८६३४६५५५६ (जानकारीका लागि), ९८४९३२५००९(IT Support का लागि)।

तारापति खरेल
उपसचिव